# सहकारीमा तरलता व्यवस्थापनको स्थिति र सुधारका उपाय*

*(राष्ट्रिय सहकारी महासंघद्वारा आयोजित तेस्रो राष्ट्रिय सहकारी महासम्मेलन, २०७९ चैत २३-२५ मा प्रस्तुत **कार्यपत्र** )*

डा. रामशरण खरेल
निर्देशक, नेपाल राष्ट्र बैंक
२०७९ चैत्र २४

* नेपाल राष्ट्र बैकको आधिकारिक अवधारणा होइन, प्रस्तुतकर्ताको निजी दृष्टिकोण ।

# प्रस्तुति खाका

- विषय प्रवेश: वित्तीय क्षेत्र, सहकारी क्षेत्रको आकार र स्थिति
- बैंक तथा वित्तीय संस्थाहरुमा तरलता व्यवस्थापन
- सहकारी क्षेत्रमा तरलता व्यवस्थापनको अवस्था
- सहकारीको दीगो विकासको लागि तरलता व्यवस्थापनको मार्गचित्र
- निचोड

# १ विषय प्रवेश

## १.१ सहकारी किन महत्वपूर्ण ?

- ✓ आर्थिक सामाजिक रुपान्तरणको महत्वपूर्ण आधारस्तम्भ ।
- ✓ सहकारी संस्थाहरुको संख्या करिव ३० हजार रहको छ । संस्थाहरुको सेयर पुँजी रु. ९४ अर्व, बचत रु. ४७८ अर्व र कर्जा प्रवाह रु. ४२७ अर्ब पुगेको छ ।
- ✓ कुल २९,८८६ सहकारी संस्थाहरुमध्ये वचत तथा ऋण सहकारी संस्थाहरुको संख्या करिव १४ हजार रहेको छ ।
- ✓ अर्थतन्त्रको प्राय: सबै क्षेत्रहरुमा सहकारी परिचालन गरिएको छ ।

## १.२ सहकारी संस्थाहरुको कारोबार आकार बढ्दै छ ।

### वित्तीय संरचना (पूँजी तथा दायित्वको आधारमा), २०७७ असार


| संस्था | रु अर्बमा | प्रतिशत | कुल गार्हस्थ्य उत्पादनको प्रतिशत |
|---|---|---|---|
| **नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको दायित्व** | ५२४५.२ | ७७.१ | १३४.९ |
| ***सम्झौतीत बचत*** (कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र बीमा) | ९८२.३ | १४.४ | २५.३ |
| ***हुलाक बचत बैंक*** | १.९ | ०.० | ०.० |
| ***सहकारी संस्था (शेयर पूँजी र वचत)*** | ५७२.१ | ८.४ | १४.७ |
| ***जम्मा*** | ६८०१.५ | १००.० | १७४.९ |

# २ बैक तथा वित्तीय संस्थाहरुमा तरलता व्यवस्थापन

## २.१ तरलता के हो ?

- ✓ नगद वा तत्काल नगदमा परिणत गर्न सकिने सम्पत्ति ।
- ✓ नगद मौज्दात, सरकारी ऋणपत्रमा गरेको लगानी, अर्को संस्थामा कायम निक्षेप आदि ।
- ✓ तर बोलचालको भाषामा लगानीयोग्य साधनलाई तरलता भन्ने बुझिन्छ । तरतला अभावको अर्थ ऋण पाइएन वा लगानी गर्न साधन भएन भन्ने बुझिने गरेको छ ।

## २.२ तरलता के हो ?


THE LIQUIDITY SPECTRUM
Most to Least Liquid
Cash
Bonds
Company Stock
Real Estate

## २.३ संस्थामा पर्याप्त तरलता किन आवश्यक ?

- निक्षेप र असुलीको आँकलन कठिन छ,
- अपर्झट थप खर्च वा भुक्तानी गर्नुपर्ने हुन सक्छ,
- अन्य संस्थामा परेको नकरात्मक प्रभावको असरले भुक्तानी अनपेक्षित रुपमा बढ्न सक्छ,
- प्रणालीगत समस्याले बचत क्रमिक रुपमा घट्ने र ऋण असूली तत्काल नहुने समस्या आउन सक्छ ।

संस्थाले व्यवस्था गरेको न्यूनतम तरल सम्पत्तिले पर्याप्त हुन्छ ?

# २.४ बैक तथा वित्तीय संस्थाले एकद्वर प्रणालीबाट सबै सुविधा पाउछन्

नेपाल राष्ट्र बैंकबाट

- ✓ इजाजतपत्र प्रदान,
- ✓ नियमन, सुपरीवेक्षण र दण्ड/जरिवानासम्मको व्यवस्था,
- ✓ तरलता व्यवस्थापनमा सहयोग,
- ✓ समस्याग्रस्त घोषणा गर्ने र व्यस्थापन सम्हाल्ने, र
- ✓ इजाजतपत्र खारेज गर्ने सम्मका सम्पूर्ण कार्य ।

## २.५ बैंकहरुमा न्यूनतम तरलता सुनिश्चित गर्ने प्रभावकारी नियमनको व्यवस्था छ।

- ✓ निक्षेपको निश्चित प्रतिशत (१ प्रतिशतसम्म) नगद मौज्दात रहनु पर्ने
- ✓ निक्षेपको ४ प्रतिशत अनिवार्य नगद मौज्दात कायम गर्नु पर्ने,
- ✓ वाणिज्य बैंकहरुले कुल स्वदेशी निक्षेपको न्यूनतम १२ प्रतिशत र विकास वैंक तथा वित्त कम्पनीहरुले न्यूनतम १० प्रतिशत सरकारी ऋृणपत्रमा लगानी गर्नु पर्ने,
- ✓ तरलता (तरल सम्पत्ति र निक्षेप) न्यूनतम २० प्रतिशत र कर्जा निक्षेप अनुपात अधिकतम ९० प्रतिशत कायम गर्नु पर्ने,

नेपाल राष्ट्र बैंकले तरलता र ब्याजदरको दैनिक अनुगमन गर्छ

## २.६ बैकहरुले अन्तरबैंक कारोबार गर्न पाउछन् ।

- ✓ दैनिक कारोबारमा अतिरिक्त तरलता आवश्यक परेमा बढीमा ७ दिनसम्मको लागि अन्तरबैक सापटी लिने व्यवस्था रहेको ।
- ✓ अन्तरबैंक सापटी सीमा बैंकहरु आफैले निर्धारण गर्ने व्यवस्था रहेको ।



## २.७ आवश्यक पर्दा नेपाल राष्ट्र बैंकबाट तत्काल तरलता उपलब्ध हुन्छ ।

- ✓ Intra-day Liquidity Facility (ILF): खातामा रकम अपुग भई भुक्तानी अवरुद्ध हुने स्थितिमा तत्काल प्रदान गरिने ।
- ✓ Repo Facility: अल्पकालीन तरलता आवश्यक परेमा १४ दिनसम्म र संरचनागत समस्याभई लामो अवधिको लागि तरलता आवश्यक परेमा बढीमा ६ महिनासम्म ।
- ✓ Overnight Repo Facility: अन्तरबैंक ब्याजदर नीतिगत दरभन्दा माथि रहेको अवस्थामा बैंकहरुले आफ्नो स्वदेशी निक्षेप दायित्वको बढीमा ०.२५ प्रतिशत मात्र उपयोग गर्नेगरी हप्ताको १ पटक पाउने ।
- ✓ Outright Purchase: बैंकहरुको सरकारी ऋणपत्र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकले सोझै खरिद गर्ने ।

## २.८ आवश्यक पर्दा नेपाल राष्ट्र बैंकबाट तत्काल तरलता उपलब्ध हुन्छ।

- ✓ Standing Liquidity Facility (SLF): सरकारी ऋणपत्रको धितोमा निक्षेपको १ प्रतिशतसम्म बढीमा ५ दिनको लागि ऋण उपलब्ध हुने।
- ✓ Refinance Facility: असल कर्जाहरुको धितोमा ऋण दिने व्यवस्था। हाल यो कोषमा करिव रु ५२ अर्ब छ। कोभिडको समयमा रु २ खर्बसम्म पुनरकर्जा उपलब्ध गराउने व्यवस्था गरिएको।
- ✓ Lending of the Last Resort: नेपाल राष्ट्र बैंकबाट उपलब्ध सबै प्रकारका सुविधा उपयोग गर्दा पनि तरलताको समस्या समाधान हुन नसकेमा तोकिएका असल सम्पत्तिको धितोमा कर्जा उपलब्ध।
- ✓ **तरलताको समस्या अझै समाधान हुन नसकेमा समस्याग्रस्त घोषणा।**

## २.९ बैंकहरुसंग तरलता बढी भएमा नेपाल राष्ट्र बैकबाट प्रशोचन हुन्छ ।

- ✓ Deposit collection : अन्तर बैंक कारोवारको व्याजदर ४ प्रतिशत भन्दा कम हुन थालेमा नेपाल राष्ट्र बैकबाट निक्षप स्वीकार गर्ने ।
- ✓ Reverse Repo Facility: नेपाल राष्ट्र बैकले आफुसँग रहेको सरकारी ऋृणपत्र स्वामित्व परिवर्तन नहुनेगरी तोकिएको समयावधिको लागि बैंकहरुलाई बेच्ने ।
- ✓ Outright Sale: नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋृणपत्र विक्री गर्ने ।
- ✓ NRB Bond: अन्य उपकरणहरुबाट अधिक तरलताको समस्या समाधान हुन नसकेमा बैंक आफैले वण्ड जारी गर्ने ।

# २.१० विगत दुई वर्षमा नेपाल राष्ट्र बैंकबाट तरलता प्रवाह र प्रशोचन

| Details | 2020/21 | 2021/22 |
|---|---|---|
| **A. Liquidity Injection** | **438.28** | **9,702.41** |
| 1. Repo | **50.00** | **270.00** |
| 2. Outright Purchase | **-** | **55.92** |
| 3. Repo Auction | **17.94** | **206.39** |
| 4. Standing Liquidity Facility | **370.34** | **9,170.11** |
| 5. Overnight Liqudity Facility# | **-** | **-** |
| **B. Liquidity Absorption** | **303.29** | **60.00** |
| 1. Reverse Repo | **109.54** | **28.35** |
| 2. Outright Sale | **-** | **-** |
| 3. Deposit Collection Auction | **193.75** | **31.65** |
| 4. Deposit Collection Auction | **-** | **-** |
| **C. Net Injection** | **134.99** | **9,642.41** |
| **Total Deposits of BFIs (at July End)** | **4662.73** | **5082.77** |

# ३ सहकारी क्षेत्रको स्थिति र तरलता व्यवस्थापन

## ३.१ सहकारी संस्थाहरुको आकार र स्थिति

- ✓ हाल सहकारी संस्थाहरुले कम्तिमा ६ खर्ब वचत र रु ५ खर्ब कर्जा प्रवाह गरेको आँकलन छ ।
- ✓ रु १ अर्बभन्दा बढी वचत परिचालन गर्ने सहकारीको संख्या २०० को हाराहारीमा रहेको आँकलन छ । यी मध्ये धेरै काठमाण्डौ उपत्यकामा रहेका छन् । तसर्थ, २०० संस्थाहरुले एक चौथाई वचत परिचालन गरेका छन् ।
- ✓ सहकारी तीनै तहका सरकारहरुको कार्य क्षेत्र भित्र रहेको, सहकारी विभाग, डिभिजन सहकारी लगायत सयौंको संख्यामा नियमनकारी निकायको उपस्थिति रहेको तर ३ वर्षदेखि संस्थाहरुको संख्यात्मक विवरण समेत अद्यावधिक गरिएको छैन ।

## ३.२ सहकारी विभागको तरलता व्यवस्थापनसँग सम्बन्धित निर्देशन

- ✓ संस्थाहरुले **PEARLS** को पूर्ण पालना गर्नु पर्ने
- ✓ कुल वचतको १० देखि १५ प्रतिशतसम्म तरलता (नगद मौज्दात र बैंक निक्षेप) कायम गर्नु पर्ने,
- ✓ साप्ताहिक रुपमा तरलताको गणना गर्नु पर्ने,
- ✓ दैनिक कारोबारमा १० प्रतिशतभन्दा कम तरलता भएमा तत्काल सञ्चालक समितिलाई जानकारी गराउनु पर्ने,
- ✓ तोकिए बमोजिम तरतलता कायम नगरेसम्म लाभांश वितरण गर्न नपाइने ।

## ३.३ सहकारी विभागको तरलता व्यवस्थापनसँग सम्बन्धित निर्देशन

- ✓ रु १ लाख भन्दा बढी ऋण प्रवाह गर्दा सामूहिक जमानी वा धितो लिनु पर्ने,
- ✓ ऋणको क्षेत्रगत वर्गीकरण गरी कम्तिमा ५१ प्रतिशत ऋण उत्पादन तथा आयमूलक व्यवसायमा प्रवाह गर्नु पर्ने,
- ✓ महामारी वा विपद् घोषणा भएको बाहेक कर्जाको पुनरसंरचना तथा पुनरतालीकीकरण गर्न नहुने
- ✓ कुल वचतको ५ प्रतिशतभन्दा बढी वाह्य परियोजनामा लगानी गर्न नहुने,

## ३.४ सहकारी विभागको तरलता व्यवस्थापनसँग सम्बन्धित निर्देशन

- ✓ खराब कर्जाको अनुपात ५ प्रतिशतभन्दा कम गर्नु पर्ने,
- ✓ असल कर्जामा १ प्रतिशत, एक वर्षसम्म भाका नाघेकामा ३५ प्रतिशत र सोभन्दा बढी अवधि भाका नाघेमा १०० प्रतिशत कर्जा नोक्सानीको व्यवस्था गर्नुपर्ने
- ✓ खराब कर्जा ५ प्रतिशत नाघेमा लिलाम प्रक्रियाबाट सकारेको अचल सम्पत्ति विक्रि गर्नु पर्ने, प्रति सदस्य कुल पूँजीकोषको १० प्रतिशत भन्दा बढी कर्जा प्रवह गर्न नपाइने,

यस बाहेक नेफस्कुन लगायत विषयगत संघहरुबाट थप मार्गदर्शन रहेको ।

# ३.५ सहकारी संस्थाहरुलाई फोर्टफोलियो बिस्तारमा वाह्य सहयोग

## बैक तथा वित्तीय संस्थाहरुबाट लगानी

- ✓ बैंक तथा वित्तीय संस्थाहरुले विपन्न वर्ग कर्जाको लागि सहकारी संस्थाहरुलाई थोक कर्जा उपलब्ध गराउने
- ✓ लघुवित्त वित्तीय संस्थाहरुबाट थोक कर्जा
    - साना किसान विकास लघुवित्त
    - आर एम डि सी
    - आर एस डि सी
    - फस्ट माइक्रोफाइनान्स

## ३.६ सहकारी संस्थाहरुलाई फोर्टफोलियो बिस्तारमा वाह्य सहयोग

### नेफस्कुनबाट ऋण सहयोग

- ✓ नेफक्कुनबाट सदस्य संस्थाहरुलाई व्यवसाय प्रवर्द्धन तथा विस्तारका लागि ऋण उपलब्ध हुने
- ✓ २०७९ फागुनसम्म नेफस्कुनको केन्द्रीय कोषमा रु १७ अर्ब ६५ करोड मौज्दात रहेको,
- ✓ नेफस्कुनमा आबद्ध ४५९७ सहकारी संस्थाहरुमध्ये हालसम्म ९२० सदस्य संस्थाहरुलाई रु १५ अर्ब ५५ करोड ऋण प्रवाह भएको,

नेफस्कुनबाट सदस्य संस्थाहरुलाई दैनिक तरलता व्यवस्थापनको लागि सापटी प्रदान गर्ने व्यवस्था छैन ।

## ३.७ सहकारी संस्थाहरुलाई फोर्टफोलियो बिस्तारमा वाह्य सहयोग

### राष्ट्रिय सहकारी बैंकबाट ऋण सहयोग

- ✓ बैंकले सदस्य संस्थाहरुलाई लगानीको आवश्यकता पुरा गर्न कर्जा उपलब्ध गराउने,
- ✓ बैकमा २०७९ मंसिरसम्म १५५८४ संस्था आबद्ध र यसमध्ये ७३६६ वचत तथा ऋण सहकारी संस्था रहेको,
- ✓ आर्थिक वर्ष २०७८/७९ सम्ममा बैंकको निक्षप परिचालन रु ५०.७ अर्ब र कर्जा प्रवाह रु ३७.३ अर्ब रहेको । यसमध्ये वचत तथा ऋण सहकारी संस्थाहरुले रु १८.२ अर्ब ऋण उपयोग गरेको स्थिति छ ।

# ३.८ सहकारी संस्थाहरुलाई फोर्टफोलियो बिस्तारमा वाह्य सहयोग

## स्थिरीकरणकोषबाट तरलता सहयोग

- ✓ २०७९ जेठमा कोषको स्थापना भएको । कोषमा हाल रु ११ करोड वचत रहेको र यस अवधिमा २ संस्थाले तरलता सहयोग प्राप्त गरेको,
- ✓ कोषमा राम्रा संस्थाहरुको मात्र आबद्ध हुन पाउने व्यवस्था रहेको । यो कोषमा आवद्ध हुन
  - कम्तिमा ५ वर्ष सञ्चालन भई लेखा परीक्षण सम्पन्न गरेको, पछिल्ला २ वर्ष नाफामा रहेको र वार्षिक साधारण सभा निर्धारित समयभित्र सम्पन्न गरेको हुनु पर्ने, कर्जा वर्गीकरण गरी आवश्यक कर्जा नोक्सानी व्यवस्था गरेको हुनु पर्ने,
  - कुल सम्पत्तिमा संस्थागत पूँजीको अनुपात न्यूनतम ५ प्रतिशत रहेको हुनुपर्ने, उच्च जोखिममा रहेको हुनु नहुने र एकीकृत सूचना प्रणालीमा आबद्ध भएको हुनु पर्ने लगायतका प्रावधान रहेको छ ।

## ३.९ सहकारी संस्थाहरुमा दैनिक तरलता व्यवस्थापनको अवस्था

- ✓ दैनिक तरलता आवश्यक पर्दा सहयोग गर्ने निकायको व्यवस्था छैन ।
- ✓ सहकारी संस्थाहरुलाई अन्तर संस्था सापटी लिने दिने व्यवस्था छैन ।
- ✓ सहकारी संस्थाहरुले सरकारी ऋणपत्रमा लगानी गर्न पाउँदैनन् ।
- ✓ कोभिडको समय भने साना किसान विकास लघुवित्त वित्तीय संस्थाले तरलता सहयोगको लागि रु १ अर्बको कोष बनाएको, ऋणी संस्थाले ५० प्रतिशत तरलता व्यवस्थापन र ५० प्रतिशत सहुलियतपूर्ण कर्जामा उपयोग गर्नु पर्ने व्यवस्था गरेको ।

४ सहकारी संस्थाहरुको दीगो विकासको लागि प्रभावकारी तरलता व्यवस्थापनको मार्गचित्र

## ४.१ विद्यमान नियम/निर्देशनहरुको पूर्ण परिपालन गर्नु/गराउनु पहिलो आवश्यकता ।

यसको लागि ३ विकल्प

- ✓ सहकारी विभागलाई पुनरसंरचना गरी नियमनको अतिरिक्त अनुगमन र सुपरिवेक्षण कार्यलाई समेत प्रभावकारी बनाउने, वा
- ✓ सहकारी क्षेत्रको विकासको लागि हाल सहकारी मन्त्रालय सक्रिय रहेको सन्दर्भमा राष्ट्रिय सहकारी विकास बोर्डलाई पुनरसंरचना गरी अनुगमन र निरीक्षण कार्यमा केन्द्रित गराउने, वा
- ✓ विगतदेखि नै चर्चामा रहेको विशेषीकृत संस्था (सेकेण्ड टियर संस्था) स्थापना गरी नियमन र सुपरीवेक्षण कार्य प्रभावकारी बनाउने ।

## ४.२ स्थिरीकरण कोषको पुनरसंरचना गर्ने

चालू आर्थिक वर्षदेखि स्थिरीकरण कोष सञ्चालनमा ल्याइएको छ । तर कोषको आकार नगण्यस्तरको हुनुको साथै राम्रा संस्थाहरु मात्र कोषमा सहभागी हुने प्रावधान राखिएको छ । तसर्थ,

- ✓ कोषमा नेपाल सरकार लगायत सबै सरोकारवालाहरुबाट तत्काल योगदान गरी शुरुवाती पुँजी रु ३० अर्व बनाउने (हाल सहकारी क्षेत्रले रु ६ खर्वको वचत परिचालन गरेको अनुमान गर्दा त्यसको ०.५ प्रतिशतले हुन आउने रकम) ।
- ✓ निश्चित रकमभन्दा बढी बचत परिचालन गर्ने संस्थाहरुले अनिवार्य रुपमा स्थिरिकरण कोषमा सहभागी हुनु पर्ने व्यवस्था मिलाउने र आवश्यकता अनुसाार तरलता सुबिधा उपलब्ध गराउने ।

## ४.३ ठूला सहकारी संस्थाहरुमा नेपाल राष्ट्र बैंक संलग्न हुने ।

- ✓ विद्यमान कानून परिमार्जन गरी
  - ठूला वा कम्तिमा नेपाल राष्ट्र बैंकले इजाजतपत्र दिएका वित्तीय संस्थाको स्तरमा वचत परिचालन गर्ने सहकारी संस्थाहरुको अनुगमन र सुपरिवेक्षण कार्य नेपाल राष्ट्र बैंकबाट गराउने, र
  - त्यस्ता संस्थाहरुलाई दैनिक तरलता व्यवस्थापनमा बैंकले सघाउने ।

## ४.४ अन्तरसंस्था सापटी लिने व्यवस्था मिलाउने

- ✓ वित्तीय सहकारी संस्थाहरुको स्तरीकरण (ग्रेडिगं) गरी क वर्गका सहकारी संस्थाहरुलाई एक आपसमा निश्चित सीमासम्म सापटी लिन दिने  पाउने व्यवस्था मिलाउने ।

## ४.५ ठूला सहकारी संस्थाहरुलाई अनिवार्य नगद मौज्दातको व्यवस्था गरी सो मार्फत दैनिक तरलता उपलब्ध हुने व्यवस्था मिलाउने

*यसको कार्यान्वयनको लागि तीन विकल्प*

- *पहिलो, राष्ट्रिय सहकारी बैंकमार्फत यो कार्य गर्ने , वा*
- *दोस्रो, स्थिरीकरण कोषको पुनरसरचना गरी दायरा फराकिलो बनाउने र सो कोष मार्फत यो कार्य समेत गर्ने, वा*
- *तेस्रो, सहकारी संस्थाहरुको अनुगमन तथा निरीक्षण गर्ने सस्थाले सो कार्य गर्ने ।*

## ४.६ सहकारीलाई सरकारी ऋणपत्रमा लगानी गर्न दिने व्यवस्था मिलाउने

- ✓ *सहकारीमा तरलता गणनाको दायरा फराकिलो बनाई नगद मौज्दात र बैंक निक्षेपको अतिरिक्त सरकारी ऋणपत्रमा समेत लगानी गर्न पाउने व्यवस्था मिलाउने ।*

# ६ विटमार्ने तर्फ .....,

- ✓ *वित्तीय कारोवार गर्ने संस्थाहरुको दीगो विकासको लागि तरलता व्यवस्थापन प्रभावकारी हुनु आवश्यक छ ।*

- ✓ *नेपालका बैंकहरुमा तरलता व्यवस्थापन प्रभावकारी रहेको छ , आवश्यकता अनुसार तरलता उपलब्ध हुने व्यवस्था पनि रहेको छ ।*

- ✓ *सहकारीमा तरलता व्यवस्थापनका मापदण्ड कमजोर छन् र भएका व्यवस्थाहरुको समेत कार्यान्वयन सुनिश्चित गर्ने निकायको अभाव छ ।* सहकारी संस्थाहरु स्वनियमनमा चल्नु पर्ने र असल देखिनु पर्ने हुटहुटीले धानिएका छन् । *सहकारीको मर्म बिपरित कार्यगर्ने संस्थाहरुमा भने समस्या देखिएको छैन ।*

# ६ विटमार्ने तर्फ .....,

- ✓ सहकारी संस्थाहरुलाई लगानी गर्न बाह्य सहयोग उपलब्ध छ तर दैनिक तरलता व्यवस्थापनकालागि वाह्य सहयोग उपलब्ध छैन ।

- ✓ सहकारी संस्थाहरुको स्तरनिर्धारण गरी असल संस्थाहरुले एक आपसमा सापटी लिने दिने व्यवस्था अपरिहार्य देखिएकोछ ।

- ✓ अल्पकालीन वित्तीय साधन परिचालन गर्ने संस्थाहरुकालागि नियमन र सुपरीवेक्षण प्रभावकारी बनाउनुको साथै दैनिक तरलता उपलब्ध हुने प्रबन्ध गर्नु अनिवार्य छ ।

# धन्यवाद

